# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-२, अंक-२   आ.व.२०८१/८२                                        २०८२ जेठ

## सारांश

कोशी प्रदेश सरकारको चालु आ.व.२०८१/८२ को **जेठ मसान्तसम्मको** समग्र आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को जेठ महिनासम्म कुल राजस्व सङ्कलनमा १४.७ प्रतिशतले वृद्धि भएको छ। प्रदेशको कुल खर्चमा केही कमी भएतापनि चालु खर्च र स्थानीय तह अनुदानको खर्चमा वृद्धि भएको छ। गत वर्षको तुलनामा संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त, समपूरक र विशेष अनुदानमा कमी भएको छ।

## कोशी प्रदेशको सरकारी खर्च


१. चालु आ.व.२०८१/८२ को **जेठ महिनासम्म** वार्षिक विनियोजनको तुलनामा कुल खर्च, चालु खर्च र पूँजीगत खर्चको प्रगति प्रतिशत देहाय अनुसार रहेको छः-

कुल खर्च ५७.०%

चालु खर्च ५६.२%

पूँजीगत खर्च ४९.२%

चार्ट (क)- तीन आर्थिक वर्षको जेठ मसान्तसम्मको खर्चको अवस्था   (रकम रु.लाखमा)




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. आर्थिक वर्ष २०८१/८२ को जेठ महिनासम्म जम्मा रु.२० अर्ब ११ करोड खर्च भएको छ। कुल खर्च मध्ये पूँजीगत खर्च रु.८ अर्ब ५३ करोड २० लाख, चालु खर्च रु.७ अर्ब ३२ करोड ९९ लाख र स्थानीय तह अनुदान रु.४ अर्ब २४ करोड ८१ लाख रहेको छ।

**तालिका (क)- पछिल्लो तीनवर्षको जेठ महिनासम्मको खर्चको तुलनात्मक स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक | आ.व.२०७९/८० जेठसम्म | | | आ.व.२०८०/८१ जेठसम्म | | | चालु आ.व.२०८१/८२ जेठसम्म | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति |
| चालु खर्च | १२४९७६ | ७५७०७ | ६०.६% | १२५७६६ | ६८७३७ | ५४.७% | १३०४४० | ७३२९९ | ५६.२% |
| पूँजीगत खर्च | २३२८८८ | ११७७०७ | ४९.३% | २०४१२५ | १००६८९ | ४९.३% | १७३५८८ | ८५३२० | ४९.२% |
| वित्तीय व्य. | ० | ० | - | १०० | ० | - | २०० | ० | - |
| स्थानीय तह अनुदान | ४०८६७ | ३१९२१ | ७८.१% | ३८२०० | ३२२८३ | ८४.५% | ४८५६५ | ४२४८१ | ८७.५% |
| **जम्मा** | **३९८७३१** | **२२५३३५** | **५६.५%** | **३६८१९१** | **२०१७०९** | **५४.८%** | **३५२७९३** | **२०११००** | **५७.०%** |

नोटः रकमान्तर तथा संघ सशर्त अनुदान थप भई जेठ मसान्तसम्म कायम बजेट विनियोजनको रकम उल्लेख गरिएको छ।

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

३. चालु आ.व.२०८१/८२ को जेठ महिनासम्मको कुल खर्चमध्ये सबैभन्दा बढी जेठ महिनामा रु.३ अर्ब ३८ करोड ८२ लाख खर्च भएको छ, भने सबै भन्दा कम भदौ महिनामा रु.७७ करोड २ लाख खर्च भएको छ।

**तालिका (ख) आ.व.२०८१/८२ जेठसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)**

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | मासिक जम्मा | मासिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| **श्रावण** | १३९६४ | १४२ | | १४१०६ | ७.०% |
| **भदौ** | ४०३४ | ३१०० | ५६८ | ७७०२ | ३.८% |
| **असोज** | ७१६५ | ७६८० | ८११४ | २२९५९ | ११.४% |
| **कार्त्तिक** | ९९३८ | २३५० | २१९५ | १४४८३ | ७.२% |
| **मंसीर** | ४५६८ | ४०९२ | २८७५ | ११५३५ | ५.७% |
| **पुष** | ५१७६ | ८२२१ | ३५०० | १६८९७ | ८.४% |
| **माघ** | ४९१५ | ६५१८ | १११३ | १२५४६ | ६.२% |
| **फाल्गुन** | ५७६८ | १३०४९ | ४१२५ | २२९४२ | ११.४% |
| **चैत्र** | ५३९४ | १०९४२ | ५४२४ | २१७६० | १०.८% |
| **बैशाख** | ६००२ | १२०९३ | ४१९३ | २२२८८ | ११.१% |
| **जेठ** | ६३७५ | १७१३३ | १०३७४ | ३३८८२ | १६.८% |
| **जेठ सम्मको जम्मा** | **७३२९९** | **८५३२०** | **४२४८१** | **२०११००** | **१००.०%** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

४. अघिल्लो आर्थिक वर्षको जेठसम्मको तुलनामा चालु आ.व.२०८१/८२ जेठसम्म अधिकांश मन्त्रालय/निकायको खर्च रकममा वृद्धि भएको छ। खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय, सामाजिक विकास मन्त्रालय लगागत केही मन्त्रालयको खर्च प्रगति प्रतिशतमा कमी भएको देखिन्छ।


## तालिका (ग) दुई आ.व.को जेठसम्मको मन्त्रालयगत खर्चको विवरण (रु.लाखमा)

| मन्त्रालय/निकाय | आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | प्रगति | विनियोजन | खर्च | प्रगति |
| कोशी प्रदेश सभा सचिवालय | २५२५ | १७४६ | ६९.२% | २४५८ | १६९२ | ६८.८% |
| प्रदेश लोक सेवा आयोग | ९३० | ७६५ | ८२.२% | ११३७ | ९९६ | ८७.६% |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | २४० | १५७ | ६५.४% | २१३ | १६३ | ७६.५% |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५८५० | १३७७ | २३.५% | ३८२३ | १७०१ | ४४.५% |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | २१८७० | १६०३१ | ७३.३% | ३५३४२ | २०६०४ | ५८.३% |
| उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २०५०३ | ९९६० | ४८.६% | १७१३९ | ८८९२ | ५१.९% |
| खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ५६२१७ | ३६७०८ | ६५.३% | ४३४६५ | २५७०१ | ५९.१% |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ८५०३ | ३७७३ | ४४.४% | १३३२० | ७००० | ५२.६% |
| पर्यटन, वन तथा वातावरण मन्त्रालय | २५८७१ | ११६१४ | ४४.९% | २३९८२ | १२५६५ | ५२.४% |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | १२६४९८ | ६०८७८ | ४८.१% | ११०९९० | ५३६७६ | ४८.४% |
| सामाजिक विकास मन्त्रालय | १३२९० | ८९६८ | ६७.५% | १२७०४ | ७८४० | ६१.७% |
| स्वास्थ्य मन्त्रालय | ३३०९३ | १७२९० | ५२.२% | ३४६४४ | १७५२३ | ५०.६% |
| प्रदेश योजना आयोग | ४५३ | १६० | ३५.३% | ५१८ | २६६ | ५१.४% |
| अर्थ विविध | १४१४८ | ० | - | ४४९३ | ० | - |
| स्थानीय तह अनुदान | ३८२०० | ३२२८३ | ८४.५% | ४८५६५ | ४२४८१ | ८७.५% |
| **जम्मा** | **३६८१९१** | **२०१७१०** | **५४.८%** | **३५२७९३** | **२०११००** | **५७.०%** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

पुनश्चः रकमान्तर तथा सशर्त अनुदान थप भई जेठ मसान्तसम्म कायम बजेट विनियोजनको रकम माथिको तालिकामा उल्लेख गरिएको छ।

## चार्ट (ख) दुई आ.व.को जेठसम्मको मन्त्रालयगत खर्च प्रगतिको तुलना (प्रतिशतमा)



## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

५. आ.व.२०८१/८२ जेठ मसान्तसम्म कुल राजस्व रु.१३ अर्ब ९५ करोड ८८ लाख (८०.३%) र संघ अनुदानको रु.१२ अर्ब ८७ करोड ६७ लाख (८८.५%) गरी जम्मा रु.२६ अर्ब ८३ करोड ५५ लाख रकम प्रदेश सञ्चित कोषमा प्राप्ति भएको छ।

**तालिका (घ)- तीन आ.व.को (जेठ सम्मको) राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)**

| आय शीर्षक | २०७९/८० जेठसम्म | २०८०/८१ जेठसम्म | चालु आ.व.२०८१/८२ | | | गत आ.व.को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | जेठसम्म | प्रतिशत | |
| संघीय राजस्व बाँडफाँट | ७८३६२ | ८७६५४ | १२४००८ | ९७३५८ | ७८.५% | ११.१% |
| प्रदेशको आन्तरिक राजस्व | ३३०९१ | ३४०१९ | ४९८०० | ४२२३० | ८४.८% | २४.१% |
| संघ वित्तीय समानीकरण अनुदान | ७८८२२ | ६५०९७ | ८९४३२ | ८२०६३ | ९१.८% | २६.१% |
| सशर्त अनुदान | ६४९३९ | ५३१३२ | ४१६४३ | ३४२२० | ८२.२% | -३५.६% |
| समपूरक अनुदान | ९२०० | ७३०० | ६५५० | ६५५० | १००% | -१०.३% |
| विशेष अनुदान | ४७५० | ७६०० | ७८०१ | ५९३४ | ७६.१% | -२१.९% |
| **जम्मा** | **२६९१६४** | **२५४८०२** | **३१९२३४** | **२६८३५५** | **८४.१%** | **५.३%** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

पुनश्चः नगद मौज्दात रु.३ अर्ब २५ करोड र वैदेशिक अनुदानको सोझै भुक्तानी रु.१० करोड ५९ लाख समेत गरी चालु आ.व.२०८१/८२ को कुल बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख रहेको छ।

६. प्रदेशका निकायबाट सङ्कलन हुने र स्थानीय तहबाट बाँडफाट भई प्राप्त हुने समेत २०८१ जेठ मसान्तसम्म प्रदेशको आन्तरिक राजस्व सङ्कलनको विवरण देहाय अनुसार रहेको छः-

**तालिका (ङ)- आ.व.२०८१/८२ को जेठसम्म आन्तरिक राजस्व सङ्कलनको मासिक विवरण (रु.लाखमा)**

| महिना/ शीर्षक | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | अनुमतिपत्र, यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | शुल्क/दस्तुर/ जरिवाना | जम्मा राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | | | ५३९ | ९२ | ३२ | ७ | १६५ | ८३५ |
| भदौ | ११०७ | ४७ | ५१८ | १०२ | ४६ | १६ | १८५ | २०२१ |
| असोज | १०७१ | २४१९ | ४३२ | ६३ | २३९ | ५६ | १६२ | ४४४२ |
| कात्तिक | १०१८ | २८० | ४८९ | ३९ | १६६२ | २८ | ३०४ | ३८२० |
| मंसिर | १८९० | ४६१ | ५६९ | ७७ | ३८९ | २५७ | ३१२ | ३९५५ |
| पुष | १४५० | ८२१ | ६०६ | ७८ | ३०० | ५८० | ६६५ | ४५०० |
| माघ | १५५८ | १२४६ | ५७९ | ६३ | ८२४ | ४३४ | २९२ | ४९९६ |
| फाल्गुन | १२१० | ३ | ५५० | ७१ | २४३ | ५८ | ६७३ | २८०८ |
| चैत्र | ११९७ | ३०९२ | ११९२ | ६३ | १८१ | ६०३ | ४३५ | ६७६३ |
| बैशाख | २५९८ | ४८० | ६४० | ५० | ३८ | २९६ | ९९ | ४२०१ |
| जेठ | १००२ | २४८३ | १३१ | ६५ | ४५ | ७० | ९३ | ३८८९ |
| **जेठसम्मको प्राप्ति** | **१४१०१** | **११३३२** | **६२४५** | **७६३** | **३९९९** | **२४०५** | **३३८५** | **४२२३०** |
| **वार्षिक लक्ष्य** | **१४१००** | **१४५००** | **९५००** | **९००** | **४९९०** | **३०७०** | **२७४०** | **४९८००** |
| चालु आ.व. जेठ सम्मको प्रगति | १००.०% | ७८.२% | ६५.७% | ८४.८% | ८०.१% | ७८.३% | १२३.५% | **८४.८%** |
| गत आ.व. जेठ सम्मको प्राप्ति | १२६२४ | ९०६३ | ५५५६ | ७५३ | २७७६ | ११०३ | २१४४ | **३४०१९** |
| वृद्धि प्रतिशत | ११.७% | २५.०% | १२.४% | १.३% | ४४.१% | ११८.०% | ५८.०% | **२४.१%** |


(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत विक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

७. गत आ.व.२०८०/८१ जेठसम्मको तुलनामा चालु आ.व.२०८१/८२ जेठसम्म प्रदेशको आन्तरिक राजस्वमा २४.१ प्रतिशतले वृद्धि भएको छ। यस्तै स्थानीय तहबाट प्राप्त राजस्वमा ११८ प्रतिशतले वृद्धि भएको छ, भने घरजग्गा रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशतले वृद्धि भएको छ।

**चार्ट (ग)- तीन आर्थिक वर्षको जेठ महिनासम्मको आन्तरिक राजस्व सङ्कलनको अवस्था**

(रकम रु.लाखमा)




(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत विक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

<u>सम्पादन तथा प्रकाशन</u>

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

(वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा)

कोशी प्रदेश, विराटनगर